नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

सिंहदरवार,
काठमाडौं, नेपाल ।

## प्रेस विज्ञप्ति

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०१/२४ को निर्णय बमोजिम संक्रमक रोग ऐन, २०२० को दफा २ बमोजिम मिति २०७७/०२/०५ गतेको मध्यरातसम्मका लागि जारी गरिएको आदेशलाई कोभिड-१९ को संक्रमण फैलने सम्भावना देखिएकोले नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०२/०४ गतेको निर्णय बमोजिम मिति २०७७/०२/२० गते मध्यरातसम्मका लागि निरन्तरता दिइएको व्यहोरा सबैमा जानकारी गराइन्छ । नेपाल सरकारको सोही मितिको निर्णयबाट सार्वजनिक सेवा सम्बन्धमा निम्नानुसार गर्ने निर्णय भएको व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

१) बैंक तथा वित्तीय संस्था, बीमा, धितोपत्र, सहकारी मार्फत् अति आवश्यकीय सेवा प्रवाह गर्नुपर्ने कार्यका लागि आवश्यक पर्ने कर्मचारीमध्ये एक तिहाई कर्मचारीद्वारा सेवा सञ्चालन गर्ने।

२) अति आवश्यकीय सेवा प्रदान गर्ने सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूमा अति आवश्यक पर्ने न्यूनतम कर्मचारीहरूलाई आलोपालो मिलाई तोकिएका स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्डको अनुशरण गरी कार्यालय सञ्चालन गर्ने ।

३) अति आवश्यकीय सेवा प्रदान गर्ने सरकारी कार्यालयका लागि सम्बन्धित मन्त्रालय/निकायको सचिव र अन्य निकायहरूको लागि सम्बन्धित निकायको प्रमुखको सिफारिसमा नियामक निकायले त्यस्ता कार्यालयमा रहेको कुल सवारी साधनहरूमध्ये एक चौथाई सख्यामा नबढ्ने गरी सवारी पास उपलब्ध गराउने।

४) प्रकरण (३) मा तोकिएको बाहेक उपत्यका बाहिरको हकमा सम्बन्धित कार्यालय प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीले सावधानीपूर्वक सकेसम्म न्यूनतम सवारी साधन सञ्चालन हुने नीति लिई सवारी पास उपलब्ध गराउने।

विश्वव्यापी महामारीको रुप लिएको कोभिड-१९ को बढ्दो संक्रमणबाट सुरक्षित रहनको लागि हालसम्म नेपाल सरकारबाट भएका निर्णयहरुको पालना गर्नु भएकोमा सम्पूर्ण नागरिकहरुमा हार्दिक धन्यवाद दिंदै आगामी दिनमा पनि उक्त आदेशको पूर्ण पालना गरी गराई सहयोग गरिदिनुहुन हुन सम्पूर्ण नागरिकंहरुमा हार्दिक अनुरोध गरिन्छ ।

मितिः २०७७।०२।०५

२०७७।२।५
केदारनाथ शर्मा
सहसचिव/प्रवक्ता